**दैनिक कार्यको जानकारी**

**मिति:२०८२।०२।०१**

**श्रम तथा रोजगार  र अपांगता रोकथाम तथा पुन:स्थापना सम्बन्धी प्रदेश सभाको सामाजिक विकास समितिका सदस्यहरु बीचमा अन्तरसंवाद कार्यक्रम सम्पन्न**

२०८२ जेष्ठ १ गतेका दिन सामाजिक विकास मन्त्रालयको आयोजनामा श्रम, रोजगार तथा वैदेशिक रोजगारको क्षेत्रमा भएका कार्य र अपांगता रोकथाम तथा पुन:स्थापना सम्बन्धी प्रदेशसभाका सामाजिक विकास समिति तथा अन्य सरोकारवालाहरु सँगको अन्तरसंवाद कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रम कोशी प्रदेश सभा सामाजिक विकास समितिका सभापति मा. गयानन्द मण्डल गनगाई ज्युको अध्यक्षता तथा सामाजिक विकास मन्त्री माननीय श्री पाँचकर्ण राई प्रमुख अतिथ्यतामा सम्पन्न भएको छ ।कार्यक्रममा प्रदेश सभाका सामाजिक विकास समितिका माननीय सदस्यहरु, सामाजिक विकास मन्त्रालयका सचिव हेमराज तामाङ, प्रदेश योजना आयोगका उपाध्यक्ष मा. राजेन्द्र अधिकारी, नेपाल नगरपालिका महासंघको अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासंघका कार्यकारी निर्देशक, सामाजिक विकास, स्वास्थ्य, उद्योग, कृषि तथा सहकारी मन्त्रालयका बिभिन्न महाशाखा प्रमुख तथा प्रतिनिधिहरु  र सुरक्षित आप्रवासन (सामी) कार्यक्रम, रेमि परियोजना, करुणा फाउन्डेसन नेपाल लगायतका विकास साझेदारका प्रमुख तथा प्रतिनिधिहरु सहित  पुरुष ५७ र महिला ७ गरि ६४ जनाको उपस्थिति रहेको थियो । कार्यक्रमको उदघाटन कार्यक्रमको अध्यक्षता मा. गयानन्द मण्डल गनगाई ज्युले ब्यानर पढेर गर्नु भएको थियो ।कार्यक्रममा प्रदेश योजना आयोगको उपाध्यक्षज्युले श्रम तथा रोजगार( वैदेशिक रोजगारी र पुनःएकीकरणको) क्षेत्र, मनोसामाजिक स्वास्थ्य र अपांगता रोकथाम तथा पुन:स्थापनाका सम्वन्धमा नेपाल सरकार र प्रदेश सरकारका नीति तथा कार्यक्रमहरुको प्रस्तुतीकरण गर्नुभयो । त्यस्तै क्रमश सामाजिक विकास मन्त्रालयका  प्रशासन तथा योजना महाशाखा प्रमुख श्री शम्भुप्रसाद साह ज्युले श्रम, रोजगार तथा वैदेशिक रोजगारको क्षेत्रमा प्रदेश सरकारले गरिरहेका प्रयासहरु र सामाजिक विकास महाशाखा प्रमुख श्री दुर्गा भण्डारी बरालले अपांगता रोकथाम तथा पुन:स्थापनामा सम्बन्धमा भईरहेका कार्य तथा प्रयासहरु स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य निर्देशनालय धनकुटाका निर्देशक श्री ज्ञान बहादुर बस्नेतले मनोसामाजिक परामर्शको क्षेत्रमा प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले गरेको प्रयासहरु र आप्रवासी हकहित संरक्षण केन्द्रको तर्फबाट प्रदेश अध्यक्ष सन्तोष लिम्बु ज्युले वैदेशिक रोजगारीका सवालहरु र सरकारले गर्नुपर्ने पहलको सम्वन्धमा प्रस्तुतीकरण गर्नु भएको छ।कार्यक्रममा सामाजिक विकास मन्त्रालयको प्राथमिकताको क्षेत्र अन्तर्गत श्रम तथा रोजगार ( वैदेशिक रोजगारी र पुनःएकीकरणको) क्षेत्र साथै अपांगता रोकथाम तथा पुन:स्थापना परेको र सो क्षेत्रका समस्याहरु सम्बोधन गर्नका लागी मन्त्रालयले प्राथमिकता साथ नीति तथा कार्यक्रमहरु तय गर्ने र  आवश्यक बजेट व्यवस्थापन गर्ने प्रतिवद्धता सामाजिक विकास मन्त्रीज्यूले गर्नुभएको छ ।सो क्षेत्रमा हाल पुर्‍याइरहेको सेवा थप विस्तार र सम्पूर्ण स्थानीय तहसम्म प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वय गर्दै जानका लागी मन्त्रालयले बजेट र कार्यक्रमका साथ पहल गर्ने सन्दर्भमा छलफल गरी कार्यक्रम सम्पन्न भएको छ।


अन्तरसम्वाद कार्यक्रम

